## तेश्रो नगर सभाबाट पारित निर्णयहरुः-

१. पञ्चपुरी नगरपालिकाको तेश्रो नगर सभामा उप-प्रमुख श्री मुक्ति देवी रेग्मी (पुरी)ले प्रस्तुत गर्नु भएको आ.व. ०७५/०७६ को बजेट, नीति तथा कार्यक्रम संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

२. नगर कार्यपालिकाबाट स्वीकृत भै पेश भएका निम्न विधेयकहरु माथि दफावार छलफल गरी स्वीकृत गरियो ।
   - पञ्चपुरी नगरपालिकाको सहकारी ऐन, २०७४ (पहिलो संशोधन)
   - अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) विधेयक, २०७५
   - पञ्चपुरी नगरपालिकामा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७५

३. आ.व. ०७५/०७६ को लागि वडालाई तोकिएको बजेट सिलिङ्ग अनुसार प्रति वडा रु. ५० लाखका दरले क्षेत्रगत आयोजनाहरु वडाबाट प्रस्तावित भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

४. पञ्चपुरी नगरपालिकामा आ.व. ०७५/०७६ को लागि अर्थ सम्बन्धि प्रस्तावहरु कार्यान्वयन गर्न बनेको पञ्चपुरी नगरपालिकाको आर्थिक विधेयक, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

५. पञ्चपुरी नगरपालिकाको आ.व. ०७५/०७६ मा सेवा र कार्यहरुको लागि नगरपालिकाले सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको पञ्चपुरी नगरपालिकाको विनियोजन विधेयक, २०७५ माथी छलफल गरियो र उक्त विधेयक स्वीकृत गरियो ।

६. नेपालको संविधानको धारा २१७ बमोजिम गठीत यस नगरपालिकाको न्यायिक समितिलाई निरन्तरता दिने निर्णय गरियो ।

७. नेपाल सरकार (मन्त्रि परिषद्) को मिति २०७४।१२।१४ को निर्णयानुसार स्वीकृत स्थानीय तहको संगठन संरचना र दरबन्दी अनुसार यस नगरपालिकाको अन्तरिम संगठन ढाँचा र निम्नानुसार दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

**कर्मचारी दरबन्दी** — नगर कार्यपालिकाको कार्यालय तर्फः

१. प्रमुख प्रशासकीय अधिकृत (रा.प.द्धितीय)(प्र.)– १

२. सि.डि.ई. (रा.प.द्धितीय)(प्रा.)– १

३. शाखा अधिकृत (रा.प.तृतीय)(प्र.)– १

४. लेखा अधिकृत (रा.प.तृतीय)(लेखा)–१

५. म.वि.अ. (रा.प.तृतीय)- १

६. शाखा अधिकृत (रा.प.तृतीय)(शिक्षा)–१

७. शाखा अधिकृत (रा.प.तृतीय)(कृषि)–१

८. इन्जिनियर (रा.प.तृतीय)(प्रा.)–२

९. अनुगमनकर्ता (प्रा.)– २

१०. सि.अ.हे.व. (छैठौं)– २

८. नायव सुव्वा (रा.प.अनं. प्रथम)(प्र.)– ५

९. नायव सुव्वा (रा.प.अनं. प्रथम)(न्याय)– १

१०. प्रा.स. (रा.प.अनं. प्रथम)(शिक्षा)– १ ११. लेखापाल (रा.प.अनं. प्रथम)(लेखा)– १

१२. आ.ले.प. परिक्षक (रा.प.अनं. प्रथम)– १ १३. सव- इन्जिनियर (रा.प.अनं.प्र)(प्रा.)– ३

१४. सर्वेक्षक (रा.प.अनं. प्रथम)– १ १५. रेन्जर (रा.प.अनं. प्रथम)– १

१६. कम्प्यूटर अपरेटर (सहायक पाँचौं)–१ १७. सहायक पाँचौं(प्र.)– १

१८. खरिदार (रा.प.अनं. द्धितीय) (प्र.)– २ १९. खा.पा.स.टे (रा.प.अनं. द्धितीय)–१

२०. स.म.वि.नि.(रा.प.अनं. द्धितीय)–१ २१. स.ले.पा.(रा.प.अनं. द्धितीय)–१

२२. सहायक कम्प्यूटर अपरेटर (सहायक चौथो)–१ २३. हेभी सवारी चालक (अप्रेटर)–१ (करार)

२४. हलुका सवारी चालक–२ (करार) २५. का.स.–३ (करार)

२६. पाले–२ (करार) २७. स्वीपर–१ (करार)

२८. नगर प्रहरी तर्फः (प्र.स.नि.–१, हवल्दार–१, जवान–५) (करार सेवा)

<u>वडा कार्यालय तर्फः</u>

१. नायव सुव्वा (रा.प.अनं. प्रथम)(प्र.)– ११ २. सव-इन्जिनियर (रा.प.अनं. प्रथम)–४

३. खरिदार (रा.प.अनं. द्धितीय)– ९ ४. सहायक चौथो– २

५. अ.स.ई. (सहायक चौथो)–७ (२ स्थायी र १ अस्थाई साविक कार्यरत)

६. स.ले.पा.(रा.प.अनं.द्धितीय)–११ ७. का.स.– ११ (२ स्थायी ९ करार दरबन्दी)

(नगरपालिका अन्तरगत रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्यचौकी, सामुदायिक स्वास्थ्य केन्द्र, स्रोत केन्द्र, बालविकास केन्द्रहरू, विद्यालय, समितिहरू, सेवा केन्द्रहरू यथावत रहनेछन् ।)

**८.** नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट भए गरेका सम्पूर्ण आयोजना तथा कार्यक्रमहरु नगर कार्यपालिकाबाट सिफारिस भए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

**९.** नेपाल सरकारबाट स्वीकृत बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड बमोजिम भवन निर्माण मापदण्ड बनाई राष्ट्रिय भवनसंहिता कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**१०.** नगरपालिकाको आ.व. ०७३/०७४ को म.ले.प. प्रतिवेदन पेश भई प्रतिवेदन माथि छलफल गरियो र बेरुजुको अभिलेख अध्यावधिक गरी असुल फछ्र्यौट गर्न नगर कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**११.** पञ्चपुरी नगरपालिका क्षेत्र भित्र आगामी आ.व. ०७५/०७६ मा कार्य सञ्चालन गर्न अनुमतिको लागि अनुरोध गरेका निम्न गैरसरकारी संस्थाहरुको कार्यक्रम अनुमोदन गर्दै आवश्यकताको आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

- ब्रेक थ्रु एक्सन प्रोजेक्ट ललितपुर -समृद्ध समाज विकास केन्द्र सुर्खेत
- सुन्दर नेपाल संस्था -नेपाल दलित तथा जनजाती विकास केन्द्र, नेपाल

१२. यस नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यहरुलाई नगर सभा, नगर कार्यपालिकाको बैठक, विषयगत समितिको बैठक, वडा बैठकमा भाग लिए वापत बैठक भत्ता, पारिश्रमिक र अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम र अन्य सहभागीहरुको बैठक भत्ता नेपाल सरकारको प्रचलित मापदण्ड बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

१३. आ.व. ०७५/०७६ को लागि प्राप्त सशर्त अनुदान रकम रु. १५,०७,००,०००।- को कार्यक्रम तोकिएको कार्यक्रम र शीर्षकमा खर्च गर्ने निर्णय गरियो ।

१४. यस नगरपालिका भित्र विभिन्न वडामा बसोबास गर्ने व्यक्तिहरुले राप्ती अञ्चल क्षेत्रीय बसोबासबाट प्राप्त गरेका पूर्जाहरु कार्यान्वयनको साथै अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न आवश्यक नापी नक्साको लागि प्रदेश सरकार, नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

१५. पेश्की शुन्य अभियानलाई निरन्तरता दिने र उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रममा उपभोक्ताको जनसहभागिता कम्तीमा १० प्रतिशत गर्ने निर्णय गरियो ।

१६. यस नगरपालिका भित्र वातावरणमैत्री तथा बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने र नयाँ रणनीति र कार्यान्वयन कार्यविधि स्वीकृत नभएसम्म बालमैत्री स्थानीय शासन सम्बन्धी राष्ट्रिय रणनीति २०६८ र कार्यान्वयन कार्यविधि २०६८ मा उल्लेखित सूचकहरुलाई यस पञ्चपुरी नगरपालिकाको सूचक मानि स्थानियकरण गर्ने निर्णय गरियो ।

१७. आ.व. ०७५/०७६ देखि एकीकृत सम्पत्ति कर प्रणाली कार्यान्वयन गर्ने र एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधिको अनुसूची १, ६ र ७ पारित गर्ने निर्णय गरियो ।

१८. नगरपालिकाबाट आ.व. ०७५/०७६ मा सञ्चालन हुने रु. १० लाख भन्दा बढीका आयोजना तथा कार्यक्रम सिलबन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमद्वारा गर्ने र ठेक्काबाट घटेको रकम सोही वडामा खर्च गर्ने निर्णय गरियो ।

१९. नगरपालिकाबाट सञ्चालित आयोजनामा प्रयोग हुने मेशिनरी तथा उपकरणहरुको सम्बन्धित फर्म वा कम्पनीले नगरपालिकाले तोकेको दस्तुर रु. ५,०००।- तिरी सूचिकृत गरेको फर्म वा कम्पनीका मेशिन तथा उपकरण मात्र प्रयोग गर्ने निर्णय गरियो ।

२०. वडा कार्यालय सञ्चालन खर्चको लागि विनियोजित बजेटका अतिरिक्त वडामा उठेको आन्तरिक आम्दानीको ३०% प्रतिशत आम्दानी सम्बन्धित वडा कार्यालयलाई सञ्चालन तथा व्यवस्थापन खर्च वापत उपलब्ध गराउने र वडाको निर्णय बमोजिम खर्च गर्ने निर्णय गरियो ।

२१. आवश्यक कार्यविधि तर्जुमा गरी नगर स्तरीय महिला समन्वय समिति, आदिवासी जनजाती समिति, दलित समन्वय समिति, नगर स्तरीय युवा समिति गठन गरी क्रियाशिल बनाउने निर्णय गरियो ।

२२. सूर्य प्रकाश मा.वि. सालकोटमा प्राविधिक शिक्षालयको भौतिक पूर्वाधारको लागि आवश्यक बजेट व्यवस्थाका लागि प्रदेश सरकार र नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

२३. जनता बहुमुखि क्याम्पस विद्यापुरको भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक बजेट व्यवस्थाका लागि प्रदेश सरकार र नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

२४. सामुदायिक विद्यालयका निजी स्रोत शिक्षक तथा कर्मचारीको सेवा सुविधाको लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय मा अनुरोध गर्ने निर्णय गरियो ।

२५. नगरपालिका भित्र स्थापना भएका सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालनको निरन्तरता र आवश्यक ठाउँमा थप स्थापना एवं सञ्चालनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

२६. यस नगरपालिकामा आन्तरिक लेखा परिक्षण शाखा गठन भै नसकेको र आन्तरिक लेखा परिक्षण गर्ने दक्ष जनशक्ति नभएको हुँदा यस नगरपालिकाको आ.व. ०७४/०७५ को आर्थिक कारोवारको श्रेस्ताको आन्तरिक लेखापरिक्षणको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, सुर्खेतमा अनुरोध गर्ने निर्णय गरियो ।

२७. नगरक्षेत्रभित्र रहेको प्रमुख पर्यटकीय स्थल जाजुरादह, पञ्चपुरी देवस्थल, चमेरे गुफा लगायतका अन्य पर्यटकीय स्थलहरुको संरक्षण तथा पूर्वाधार विकासको लागि प्रदेश सरकार र नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

२८. निम्न आयोजनाहरु लागत सहभागितामा सञ्चालन गर्न प्रदेश सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

- भक्तडी खानेपानी आयोजना,
- तातापानी खानेपानी आयोजना,
- विद्यापुर खानेपानी आयोजना,

२९. यस नगरपालिका अन्तरगत प्राथमिक स्वास्थ्य केन्द्र सालकोटमा अस्पताल सञ्चालनका लागि न्यूनतम पूर्वाधार रहेको र यस क्षेत्रमा एउटा पनि अस्पताल नरहेको हुँदा प्राथमिक स्वास्थ्य केन्द्र सालकोटलाई स्तरोन्नती गरी कम्तीमा १५ शैयाको अस्पताल घोषणा गरिदिन कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

३०. यस नगरपालिकाको दरबन्दी अनुसार आवश्यक कर्मचारी नभएको हुँदा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीले कार्यालय समयको अतिरिक्त समय र सार्वजनिक विदाको दिनमा खटिई कार्य सम्पादन गर्नु पर्ने भएकोले नेपाल सरकार अर्थ मन्त्रालयको मापदण्ड बमोजिम अतिरिक्त समयमा खटेको दिनको खाना, खाजा वापत रु. २५०।- र सार्वजनिक विदाको दिनमा खटिएको दिनको रु. ५००।- सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

३१. यस नगरपालिकाको आ.व. ०७५/०७६ को बार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा एवं तेश्रो नगर सभा तयारीका लागि पदाधिकारी तथा कर्मचारीहरु अहोरात्र खटिनु पर्ने भएकोले सो कार्यमा खटिने प्रमुखज्यू र उप प्रमुखज्यूलाई १ महिनाको पारिश्रमिक बराबर र कर्मचारीहरुलाई खाइपाई आएको तलबको आधा महिनाको तलब बराबर सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

३२. यस नगरपालिकाको लेकाली क्षेत्रमा अर्गानिक तरकारी खेती र फलफुल खेती कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थाका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

३३. नगर क्षेत्र भित्र रहेका सामुदायिक वन उपभोक्ता समूहबाट बार्षिक कार्य योजना अनुसार सामुदायिक वनको कटानी एवं निजी वनमा रहेको काठ दाउरा सम्बन्धी कार्ययोजना नगर कार्यपालिकाबाट स्वीकृत गराई प्रचलित कानून बमोजिम वनजन्य सम्पदाको व्यवस्थापन गर्ने निर्णय गरियो ।

३४. २०७१ सालको बाढीबाट प्रभावित भई विस्थापित घर परिवारको उचित व्यस्थापनको लागि प्रदेश सरकार र नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

३५. बड्डीचौर-बाबियाचौर-वेनिघाट दिपायल सडक (मदन भण्डारी मार्ग) कालोपत्रेको लागि प्रदेश सरकार र नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

३६. नगरपालिकाको स्रोत अभावले बजेटमा समावेश गर्न नसकिएका निम्न आयोजनाहरु निर्माण तथा सञ्चालनको लागि प्रदेश सरकार र नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

- चिसापानी (कैलाली)-तातापानी-बाबियाचौर-जंगलाघाट-अछाम सडक
- कल्यानकाँध-भक्तडी-अछाम सडक
- छिन्चु-हरिहरपुर-तरंगा-तातापानी सडक
- राग-विद्यापुर-दहताल-छाप्रे-अछाम सडक
- सालकोट-हाँसेगाउँ-धनवोट-च्यूरी-जंगलाघाट सडक
- नगरस्तरीय अन्य सडकहरु- बाबियाचौर कालापानी- तोक्मा लगम सडक
- मा.वि., नि.मा.वि. विद्यालय भवन निर्माण
- फार्सेकाँडा हाँसेगाउँ खानेपानी,
- बाबियाचौर/बरैचे खानेपानी,
- दुलालथाई माझिगाउँ खानेपानी,
- कुइने राजीधारा खानेपानी आयोजना
- हुड्के नार्सी खानेपानी आयोजना
- तारापुर सिंचाई वडा नं. १०
- भ्यागुत्तेखोला समैचे सिचाई वडा नं. ५ र ६
- विजुखोला सिंचाई वडा नं. ८
- छप्रेलगाउँ सोलार सिचाई वडा नं. १०
- खमारी कुवापानी भावर सिचाई वडा नं. ६
- कुवापानी माल्लाफे सिचाई वडा नं. ६
- बड्डीचौर-वेनीघाट-दिपायल सडकमा पर्ने विउरेनी खोला, सिंगाली गाड, बरैचे खोला, चतुरे खोला, विद्यापुर खोला, गुटु खोलामा पक्की पुल निर्माण

- तातापानी बाबियाचौर जंगलाघाट सडकको तिखाकुना खोलामा पक्की पुल र भावर खोलामा पक्की पुल निर्माण
- बाबियाचौर रंगशालामा कम्पाउण्डिङ्ग तथा सुविधा सम्पन्न रंगशाला निर्माण
- स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारले तोकेका आवश्यक निःशुल्क औषधी आपूर्ति
- लघु जलविद्युत आयोजना ।

३७. निम्न आयोजनाहरु समपुरक अनुदान र विशेष अनुदानबाट लागत सहभागीतामा सञ्चालन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

- बाबियाचौर, विद्यापुर र पलैटे बजार क्षेत्र पक्की नाली निर्माण तथा कालोपत्रे
- सौर्य सडक बत्ति कार्यक्रम (बाबियाचौर, विद्यापुर र पलैटे बजार)

३८. अपाङ्ग, असहाय, अशक्त, दैवी प्रकोप पिडित, द्वन्द पिडित र ७० बर्ष माथिका जेष्ठ नागरिकलाई निःशुल्क सिफारिस गर्ने निर्णय गरियो ।

३९. नगरपालिकाको कार्यालय भवन र वडा कार्यालय भवन निर्माणका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

४०. नगर कार्यपालिकाबाट हालसम्म भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

४१. यस नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुको कामको कार्यबोझ, भौगोलिक विकटतालाई मध्यनजर गरी इन्जिनियर (रा.प.तृतीय) लाई रु. ८,५००।-, सव-इन्जिनियरलाई रु. ७,०००।- र असिष्टेन्ट सव इन्जिनियर वा सो सरहलाई रु. ४,०००।- मासिक फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

४२. यस नगरपालिकाको दरबन्दी बमोजिम कर्मचारी पदपूर्ति भै नसकेको हुँदा हाल अस्थायी, करार र सेवा करारमा कार्यरत कर्मचारीहरुलाई अर्को व्यवस्था भएमा सोही बमोजिम हुने गरी बढीमा २०७६ असार मसान्तसम्मको लागि निरन्तरता दिन र आवश्यकताको आधारमा दरबन्दी पूर्ति तथा थपघट गर्न नगर कार्यपालिकालाई अख्तियारी दिने र नगरपालिकामा कार्यरत स्थानिय तह तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

४३. नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम यस पञ्चपुरी नगरसभाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको पञ्चपुरी नगरपालिकाको आर्थिक ऐन, २०७५ ले दिएको अधिकार अन्तरगत आ.व. ०७५/०७६ को लागि कर,शुल्क र दस्तुरका दररेट पारित गर्ने निर्णय गरियो ।

४४. यस नगरपालिकाको आ.व. ०७५/०७६ को लागि पारित बार्षिक नीति, बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

४५. यस नगरपालिकाको वडा नं. ५, ७, ९, १० र ११ मा पर्ने भेरी नदी किनारमा तटबन्धनको लागि प्रदेश सरकार र नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

४६. निम्न विद्युत लाइन विस्तारको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

- केन्द्रीय प्रसारण लाइन विस्तार (बाङ्गेसिमल-लगाम)

- बड्डीचौर, पोखरीकाँडा, सालकोट, छाप्रे

४७. चौकुने सिमेन्ट कारखाना, लखरपाटा सिमेन्ट कारखाना सञ्चालनको लागि संघीय सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

४८. सामुदायिक स्वास्थ्य इकाईलाई स्तरोन्नती गरी प्रत्येक वडामा स्वास्थ्यचौकी स्थापनाको लागि विशेष पहल गर्न संघीय र प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

४९. स्थानीय स्तरमा सञ्चालित लघु जलविद्युत आयोजनाहरुले साधारण सभा सम्पन्न गरी आय व्ययको प्रतिवेदन नगरपालिकामा पेश गर्ने व्यवस्था गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

५०. नगर क्षेत्र भित्र रहेका प्रहरीचौकीको पक्की भवन निर्माण, प्रहरीचौकी नभएका वडामा अस्थायी प्रहरी चौकी स्थापनाका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

५१. आ.व.०७५/०७६ मा सञ्चालन हुने आयोजना तथा कार्यक्रमबाट आयोजना व्यवस्थापन खर्च ( कन्टिन्जेन्सी ) वापत बढीमा ३ प्रतिशत रकम खर्च गर्ने र सो रकम कार्य योजना बनाइ खर्च गर्न नगर कार्यपालिकालाइ निर्देशन गर्ने निर्णय गरियो ।

५२. पञ्चपुरी नगरपालिका क्षेत्र भित्र पोलिटेक्निकल इन्स्टिच्युट स्थापना को लागि प्रदेश सरकार र नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

५३. पञ्चपुरी नगरपालिकाको तेश्रो नगर सभा मिति २०७५।३।१० शुभारम्भ भै २०७५।०३।२१ गते सफलतापूर्वक सम्पन्न गर्न आफ्नो अमूल्य समय, सल्लाह तथा सुझाव र सक्रिय सहयोग प्रदान गर्नु हुने राजनीतिक दलका प्रतिनिधिज्यूहरु, विभिन्न विषयगत समितिका पदाधिकारी ज्यूहरु, विषयगत कार्यालय/शाखा प्रमुखहरु, सञ्चारकर्मी, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक धन्यवाद दिने निर्णय गरियो ।